# प्रदेश लोक सेवा आयोग
## मधेश प्रदेश
जनकपुरधाम, धनुषा, नेपाल
(अन्तर्वार्ता तथा सिफारिस शाखा )

Email: info.ppsc@p2.gov.np
Tel:- 041-590247, 041-590253


सूचना नं. ०५/२०८३-०८४ मितिः २०८३।०४।०६

## जानकारी सम्बन्धमा ।

स्थानीय तह अन्तर्गतका अधिकृतस्तरका पदहरुको लिखित परीक्षाबाट सफल भई अन्तर्वार्ता मार्फत छनौट भएका उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र यस आयोगलाई प्राप्त माग आकृति फारम बमोजिम सम्बन्धित स्थानीय तहहरुमा सिफारिस गर्ने प्रयोजनार्थ यस आयोगबाट मिति २०८३।०३।२६ गते तपसिल बमोजिम निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल-**

**(क) स्थानीय तहहरुको प्राथमिकताक्रम निर्धारणः-**

स्थानीय तहहरुले रिक्त दरबन्दी पदपूर्तिका लागि विभिन्न माध्यमहरु (ईमेल,पत्राचार) मार्फत प्रदेश लोक सेवा आयोगलाई पठाएको माग आकृति फारामहरुलाई आयोगमा प्राप्त भएको दर्ता मिति, दर्ता नं. र समयका आधारमा सम्बन्धित दरखास्त व्यवस्थापन तथा सूचना प्रकाशन शाखाले स्थानीय तहहरुको प्राथमिकताक्रम निर्धारण गरी सो को सूची तयार गर्ने ।

**(ख) योग्यताक्रम अनुसार क्रमशः सिफारिस गर्नेः-**

(१) अन्तिम नतिजा तथा सिफारिस गर्ने शाखाले अन्तिम सिफारिस नतिजा प्रकाशन एकमुष्ठ योग्यताक्रमको सूची बमोजिम स्थानीय तहहरुको प्राथमिकताक्रमको सूची तुलना गरी क्रमशः योग्यताक्रमका आधारमा पहिलो योग्यताक्रममा रहेका उम्मेदवारलाई खण्ड (क) बमोजिम स्थानीय तहको प्राथमिकताक्रमको सूचीमा क्रमश: पहिलो, दोस्रो, तेस्रो, ..... रहेको स्थानीय तहमा सिफारिस गर्ने गरी सफल उम्मेदवारहरुलाई खण्ड (क) बमोजिम दर्ता प्राथमिकता निर्धारण गरिएका सम्बन्धित स्थानीय तहहरुमा सिफारिस गरी अन्तिम नतिजा तथा सिफारिस प्रकाशन गर्ने ।

(२) यसैगरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बढुवा समितिको सचिवालयबाट ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कन र कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा सिफारिस भई आएका योग्यताक्रमका उम्मेदवारहरुलाई समेत खुला तथा बढुवा सिफारिस मध्ये जसको नतिजा पहिले प्रकाशन भई सिफारिस गर्नुपर्ने हुन्छ त्यसलाई पहिलो प्राथमिकतामा राखी स्थानीय तहहरुको नामावली सहित सिफारिस गर्नुपर्ने ।

पुनश्चः उपर्युक्त निर्णय यस आयोगको सूचना पाटीमा मिति २०८३।०३।२६ गते टाँस गरिएको समेत व्यहोरा अनुरोध छ ।

............................

(नितु यादव)
शाखा अधिकृत